श्री सर्वोच्च अदालतमा चढाएको
निवेदन पत्रको सारसंक्षेप

विषय : नेपालको संविधानको धारा ४६/१३३ (२) (३) बमोजिम समानताको हक लगायतका मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि उत्प्रेषण, परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ ।

जना २ को वारेश भई आफ्नो हकमा समेत ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली ........................................ १ निवेदक

विरुद्ध

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत ................................ १ प्रतिवादी

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १६ र १८ एवं धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. रिट निवेदनको व्यहोरा : मोरङ स्थित पूर्वाञ्चल विश्वविद्यालय र सुर्खेत स्थित मध्यपश्चिमाञ्चल विश्वविद्यालयको कानून संकाय अन्तर्गत अध्ययन अध्यापन हुने पाँच वर्षे BALLB कार्यक्रमको पाठ्यक्रममा Criminal Law विषय अन्तर्गत Offences relating to sex शीर्षकमा Unnatural sex offences उप-शीर्षक अन्तरगत Homosexuality, Lesbianism र Beastiality भनि उल्लेख छ । Homosexuality अर्थात् समयौनिकता मानव यौनिकताको विविधताको उपज हो । मानिसहरूको यौन अभिमुखिकरण / यौन झुकाव विविधतापूर्ण हुन्छ । आफू भन्दा फरक लैङ्गिकता भएका व्यक्तिहरू प्रति आकर्षण हुने विपमयौनिक (Heterosexual) व्यक्ति जस्तै आफू जस्तै लैङ्गिकता भएका व्यक्तिहरु प्रति आकर्षण हुने समयौनिक (Homosexual) व्यक्तिहरू पूर्णत प्राकृतिक भन्ने विश्व स्वास्थ्य संगठन, चिकित्सा विज्ञान तथा सर्वोच्च अदालतका नजीर फैसलाहरूको पनि ठहर छ । समयौनिक व्यक्तिहरूको यौनिकतालाई

'अप्राकृतिक मैथुन' भनि पठनपाठन गर्ने गराउने कार्यले मौलिक हक हनन भएको र उपरोक्त सम्बन्धमा विपक्षीहरू समक्ष लिखित निवेदन गर्दासमेत कुनै सुनुवाई हुन नसकेकाले अन्य वैकल्पिक उपचारको अभावमा प्रस्तुत निवेदन लिई सम्मानित अदालतको शरणमा आएका छौं ।

२. <u>संवैधानिक तथा कानूनी प्रश्न :</u> संविधान मार्फत् गरेको संकल्प, धारा १६ सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ समानताको हक, धारा ३१ शिक्षा सम्वन्धी हक र धारा ३८ महिलाको हक सम्वन्धीका संवैधानिक प्रश्नहरू ।

३. <u>माग गरिएको उपचार :</u> यो रीट निवेदनको सुनुवाई टुङ्गो नलागेसम्म विपक्षी विश्वविद्यालयहरू र तिनका आङ्गिक क्याम्पसहरूमा अप्राकृतिक मैथुन अन्तरगत समयौनिकता वारे अध्ययन अध्यापन नगर्नु नगराउनु भनि विपक्षीहरूको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ । विपक्षी विश्वविद्यालयहरूको कानून संकाय अन्तर्गत BALLB शैक्षिक कार्यक्रम पाठ्यक्रमको Criminal Law र/वा Medical Jurisprudence र/वा अरु जुनसुकै विषयविषयमा अप्राकृतिक मैथुनको महलमा Homosexuality र Lesbianism को उल्लेखलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ । साथै Homosexuality र Lesbianism लाई अप्राकृतिक मैथुनको महलबाट हटाउने गरि पाठ्यक्रममा संशोधन गर्न गराउन, र सो संशोधन कानून अध्ययन अध्यापन हुने आङ्गिक क्याम्पसहरूलाई समेत लागू गर्न गराउन विपक्षी विश्वविद्यालयहरूको नाउँमा आदेश जारी भएको मितिले बढीमा १५ दिनको समयसिमा समेत तोकी परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ । कानून संकायको अध्ययन हुने नेपालका सबै विश्वविद्यालयहरूको सबै शैक्षिक कार्यक्रमहरूको पाठ्ग्रकम अध्ययन गरी समयौनिकतालाई अप्राकृतिक तुल्याई उल्लेख भएको नभएको लगायत सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्तिहरूलाई लाञ्छित तुल्याउने विभेदपूर्ण पाठ्यक्रम तथा सामाग्री रहेको नरहेको भनि छानबिन गर्न गराउन र त्यसरी उल्लेख भएको वा रहेको खण्डमा सो विश्वविद्यालयको पाठ्यक्रम एवं पाठ्यसामाग्रीहरू अबिलम्ब संशोधन गरी त्यस्तो उल्लेख हटाउन निर्देशन दिन भनि विपक्षी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नाउँमा आदेश जारी भएको मितिले बढीमा तीन महिनाको समयसिमा समेत तोकी परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ । कानून संकाय अध्ययन अध्यापन गराउने नेपालका सबै विश्वविद्यालयहरूमा सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान तथा यौन विशेषताका व्यक्तिहरू सम्बन्धीको कानून बारे समेत अध्ययन अध्यापन हुने गरि SOGIESC and laws शीर्षक र त्यसका विषयवस्तुहरू पनि पाठ्यक्रममा समावेश गर्न गराउन विपक्षीहरूको नाउँमा रमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ । साथै समयसिमाको हकमा आदेश जारी भएको मितिले ६ महिना को समयसिमा तोकी पाउँ ।

सार-संक्षेपिकरण प्रस्तुतकर्ता

नेपाल संवत् ११४१ कौला ३

इति संवत् २०७८ साल असोज महिना ५ गते रोज ३ शुभम्.................................. ।